आज मिति २०७५/०१/०६ गते यस लमही नगरपालिकाका प्रमुख श्री कुल बहादुर के.सी. ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.स. | नाम/पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. (नगर प्रमुख) | |
| २ | श्री देवका बेलबासे ( नगर उप-प्रमुख ) | |
| ३ | श्री नुमराज पौडेल (वडा अध्यक्ष , वडा नं. १ ) | |
| ४ | श्री नेपालु चौधरी (वडा अध्यक्ष , वडा नं. २ ) | |
| ५ | श्री बावुराम चौधरी (वडा अध्यक्ष , वडा नं. ३ ) | |
| ६ | श्री सुवास न्यौपाने (वडा अध्यक्ष , वडा नं. ४) | |
| ७ | श्री विम बहादुर के.सी. (वडा अध्यक्ष , वडा नं. ५ ) | |
| ८ | श्री गणेशमान चौधरी (वडा अध्यक्ष , वडा नं. ६ ) | |
| ९ | श्री मोहन गिरी (वडा अध्यक्ष , वडा नं. ७ ) | |
| १० | श्री मेघनारायण चौधरी (वडा अध्यक्ष , वडा नं. ८ ) | |
| ११ | श्री भेष बहादुर के.सी. (वडा अध्यक्ष , वडा नं. ९) | |
| १२ | श्री राधा देवि के.सी. (सदस्य ) | |
| १३ | श्री नारायणी खड्का (सदस्य ) | |
| १४ | श्री पार्वति विश्वकर्मा (सदस्य ) | |
| १५ | श्री सुनिता कुमारी चौधरी (सदस्य ) | |
| १६ | श्री वम बहादुर विश्वकर्मा (सदस्य ) | |
| १७ | श्री ठगे नेपाली (सदस्य ) | |
| १८ | श्री रमेश कुमाल (सदस्य ) | |
| १९ | श्री अनिता चौधरी (सदस्य ) | |
| २० | श्री गेहेन्द्र बहादुर डाँगी ( सचिव ) | |

## मिति २०७५ साल बैशाष ०६ गतेका दिन बसेको लमही नगर नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न. १** लमही नगर कार्यपालिकाको कार्यालय बाट बितरण गरिरहेको जेष्ठ नागरिक परिचय पत्रको हकमा अन्यत्रबाट बसाईसराई गरि आएका जेष्ठ नागरिकहरुको परिचयपत्र उपलब्ध गराउदा लमही नगरपालिका स्थाई ठेगाना भएका बाहेकका नागरिकहरुको लागि बसाई सराई प्रमाण पत्र वा लमही नगरपालिका भित्रको मतदाता परिचय पत्रको प्रमाण पत्रको प्रतिलिपी समाबेश गर्न लगाई जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. २** यस लमही नगर कार्यपालिकाको आगामी मिति २०७५ साल बैशाख १८ गते हुने नियमित बैठक, सो दिन सार्वजनिक बिदा परेकाले यो महिनाका लागि मात्र मिति २०७५ साल बैशाख २१ गते शुक्रबार बस्ने निर्णय गरियो ।

**निर्णय न. ३** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहभित्र संचालनमा रहेका उद्योग, व्यापार, व्यवसाय लगायतका सेवा प्रदायकहरु अनिवार्य रुपमा स्थानीय तहमा दर्ता भई संचालन गर्नुपर्ने व्यवस्था भएको हुँदा आ.व. ०७५/०७६ श्रावणदेखि नगरपालिका भित्रका सबै वडा कार्यालयहरुले संचालन व्यवस्थापन गर्ने विकास निर्माणको कामको लागी खरिद गरिने निर्माण सामग्री( छड, गिट्टी, सिमेन्ट, वालुवा, ढुङ्गा, काठ आदी)हरु र सो ढुवानी वा निर्माका लागी प्रयोग हुने डोजर, टिपर, ट्रयक्टर लगायतका साधनहरु र उद्योग, व्यापार, व्यवसाय (कलकारखानाहरु, विभिन्न खाले व्यापार, सेवा प्रदायक संघ संस्था)हरुसंग कारोवार गर्दा लमहीका उपभोक्ता समितिहरु वा ठेकेदार कम्पनीहरुले लमही नगरपालिकामा स्थाई ठेगाना भए लमही नगरपालिकासंग आफ्नो व्यापार/व्यवसाय दर्ता/नविकरण भएका उद्योग, व्यापारी, व्यवसायी लगायत ट्रयाक्टर, डोजर, टिपर, आदीसंग मात्र कारोवार गर्ने गराउने निर्णय गरिया ।

**निर्णय न. ४** लमही नगर कार्यपालिकाका सदस्यहरुको बैठक भत्ता साविक रु १०००।-(एक हजार) भुक्तानी दिइरहेकोमा मिति २०७४ साल कार्तिक ०८ गतेको बैठक देखी प्रति बैठक रु १५००।-(एका हजार पाँच सय) का दरले लिएको बैठक भत्ता रकम अनुमोदन गर्ने र सो प्रस्ताव, नगर कार्यपालिकाको बैठक, नगर सभा, तथा वडा समितिको बैठक भत्ता समेत सोही दरमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न. ५

आ.व.०७४।०७५ मा कृषि विकास शाखा लमहीको स्विकृत कार्यक्रम अनुसार प्रधान मन्त्री कृ आधुनिकिकरण परियोजना कार्यक्रममा वजेट शिर्षक न. ३१२१६३ रु.२५,००,०००।-(पच्चिस लाख) रकम विनियोजन भएकोमा उक्त कार्यक तोकिएको समयमा सम्पन्न गर्न नसकिने भएकोले सो रकमलाई कृषि कार्य मै ख गर्न उपयुक्त देखिएको साथै लमही बजारको कोईलावास रोड विस्तारका क्रम सब्जी मण्डी विस्थापित हुने भएकोले त्यसको व्यवस्थापन गर्न र डुलुवा कृषि व्यापा तथा यत्रतत्र छरिएर रहेका कृषि व्यवसायीलाई दिर्घकालीन रुपमा व्यवस्थापन ग सहयक वाली परियोजनाले निर्माण गरेको कृषि उपज संकलन, लमहीमा सा आवश्यक पर्ने स्टल तथा सटर निर्माण गर्न तपसिल वमोजिमको वजेट वाँडफा सम्वन्धि प्रस्ताव सर्वसम्मतिबाट पास गरियो ।

**तपसिल**

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | तरकारी बिक्रीकेन्द्र टहरा निर्माण | ५,००,०००। | |
| २ | माछा तथा मासु बिक्रि केन्द्र निर्माण | ३,००,०००। | |
| ३ | वाउण्ड्री/ तार जाली | ३,००,०००। | |
| ४ | फलफुल बिक्रि तथा स्टोर केन्द्र | ४,००,०००। | |
| ५ | ४ न. वडा कार्यालय भवन तथा चौकिदार भवन मर्मत संभार र रंगरोगन गर्ने कार्य | ५,००,०००। | |
| ६ | मूल प्रवेशद्वारको आर.सि.सि. तथा स्तरोन्नति गर्ने र दुबैमा रंगरोगन गर्ने कार्य | ५,००,०००। | |
| | जम्मा | २५,००,०००। | |